# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ८, संख्या १, मिति : २०८१/०३/१३


## भाग–२

## गैर सरकारी संघ संस्थाको परियोजना स्वीकृति, संचालन र समन्वय सम्बन्धी निर्देशिका,२०७४ (प्रथम संशोधन २०८१)


# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

# गैर सरकारी संघ संस्थाको परियोजना स्वीकृति, संचालन र समन्वय सम्बन्धी निर्देशिका, २०७४ (प्रथम संशोधन २०८१)

**पारित मितिः २०८१/०३/०८**

**प्रस्तावनाः**

भरतपुर महानगरपालिका गैर सरकारी संघ संस्थाको परियोजना स्वीकृति, संचालन र समन्वय सम्बन्धी निर्देशिका, २०७४ लाई समय सापेक्ष संशोधन गर्नुपर्ने भएकोले,

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस निर्देशिकाको नाम गैर सरकारी संघ संस्थाको परियोजना स्वीकृति, संचालन र समन्वय सम्बन्धी निर्देशिका, २०७४ (प्रथम संशोधन २०८१) रहेकोछ।

ख) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल निर्देशिकामा परिच्छेद १ को दफा ३ खण्ड (छ) पश्चात परिच्छेद २ थप गरिएको।

## परिच्छेद २

**३. संघ-संस्थाको सूचिकरण सम्बन्धी व्यवस्था :**

१) संस्था सूचिकरण गर्नको लागि जिल्ला प्रशासन कार्यालयवाट संस्था दर्ता भईसकेपछि देहायका कागजात संलग्न राखि सूचिकृतको लागि निवेदन दिनुपर्ने छ।

क) जिल्ला प्रशासन कार्यालयवाट संस्था दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपी

ख) संस्थाको विधान

ग) सुचिकृतको लागि सम्बन्धित संस्थाको कार्यसमितिको निर्णय

घ) वैदेशिक सहयोग भए समाजकल्याण परिषद्को सिफारिसपत्र

२) संस्था सूचिकृतको बिवरण भरतपुर महानगरपालिकाको संघ-संस्था अभिलेखिकरण किताबमा अध्यावधिक राख्नुपर्नेछ। सुचिकृत भई सकेपछि संस्थाले प्रत्येक आर्थिक बर्षमा संस्था नविकरणको लागि

देहायका कागजात संलग्न राखी नविकरणको लागि निवेदन दिनुपर्ने छ।

क) गत आर्थिक बर्षको लेखा परिक्षण प्रतिवेदन

ख) कर चुक्ताको प्रमाणपत्र

ग) एक बर्षको कार्यक्रम र बजेटको विस्तृत विवरण

घ) जिल्ला प्रशासन कार्यालयबाट संस्था नविकरणको प्रमाणपत्र

३) संविधान र कानुनले निषेध गरेको कुनै पनि काम संघ संस्थाले गर्नु हुँदैन। प्रचलित कानुनको विपरित कार्य गरेको प्रमाणित भएमा महानगरपालिकाले उक्त संस्थालाई कानुन बमोजिम आवश्यक कारबाहीको लागि जिल्ला प्रशासन कार्यालय समक्ष सिफारिश गरि पठाउनेछ र कार्य गर्न समेत रोक लगाउन सक्नेछ।

**४. संघ-संस्था सूचिकरण नगरी कार्य गर्न नहुने :**

१) संस्था दर्ता ऐन, २०३४ बमोजिम गठन भई भरतपुर महानगरपालिकामा सूचिकृत नभएका कुनै पनि संघ संस्थाले महानगरपालिकाको कार्यक्षेत्रभित्र कार्य सञ्चालन गर्नु हुदैन।

**५.** मूल निर्देशिकाको परिच्छेद १ पश्चात परिच्छेद २ थप गरिएको हुदा साविकका परिच्छेदहरुको क्रमागत संख्या सोही अनुसार ३ ४ ५ कायम गरिएको।

**६.** मूल निर्देशिकाको अनुसूची ३ पश्चात अनुसूची ४ थप गरिएको।

अनुसूची ४

सूचिकृत प्रमाणपत्रको ढाँचा

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

**गैरसरकारी संध संस्था सूचिकृत प्रमाणपत्र**

भरतपुर महानगरपालिका अन्तर्गत वडा नं.........स्थित ..............मा कार्यालय रहि महानगरपालिकाभित्र ................................. विषयहरुमा कार्य गर्ने गरी यस कार्यालयमा सुचिकृतको लागि निवेदन दिनुभएकोमा प्रचलित कानुनको परिधिभित्र रहेर कार्य गर्नेगरी संस्था सूचिकृतको प्रमाणपत्र प्रदान गरिएको छ।
समग्र महानगपालिकाको सामाजिक, आर्थिक, पर्यावरणीय, साँस्कृतिक विकास र सुशासन कायम गर्ने क्षेत्रमा रचनात्मक र सिर्जनशिल योगदानको अपेक्षा गरिएको छ।

महाशाखा प्रमुखको हस्ताक्षर

नाम थर

पद

मिति

---

आज्ञाले

लक्ष्मी प्रसाद पौडेल

प्रमुख प्रशासकिय अधिकृत